**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १८ जुलाई २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

## प्रमुख समाचार

- गृह मन्त्री अमित शाहले,भारतको संप्रभुता र भौगोलिक अखण्डताको दृष्टिकोणबाट रणनीतिक रूपमा धेरै महत्त्वपूर्ण मानिने सिलगढी करिडोर (चिकन नेक) को सुरक्षालाई अझ सुदृढ़ बनाउन केन्द्र सरकार र पश्चिम बंगाल सरकारले कैयन महत्त्वपूर्ण निर्णयहरू लिएको बताउनु भएको छ।

- गृह मन्त्री अमित शाहले भारत-बंगलादेश अन्तर्राष्ट्रिय सीमामा त्रिस्तरीय स्मार्ट फेंसिंग परियोजनालाई  चाड़ो सम्पन्न गर्न निर्देश दिनु भएको छ।

- भारतको पहिलो निजी कम्पनी द्वारा विकसित अर्बिटल रकेट विक्रम-1 श्रीहरिकोटाको सतीश धवन अंतरिक्ष केंद्रबाट सफलतापूर्वक प्रक्षेपित गरियो।

- संसदको सोमबारदेखि सुरु हुने मनसुन सत्र अघि सरकारले भोलि सर्वदलीय बैठक डाकेको छ।

- मौसम विभागले दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा  आगमी गिनहरुमा हल्कादेखि मध्यम वर्षा जारी रहने अनुमान गरेको छ।

## अमित शाह  सिलगढ़ी भ्रमण

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले,भारतको संप्रभुता र भौगोलिक अखण्डताको दृष्टिकोणबाट रणनीतिक रूपमा धेरै महत्त्वपूर्ण मानिने सिलगढी करिडोर (चिकन नेक) को सुरक्षालाई अझ सुदृढ़ बनाउन केन्द्र सरकार र पश्चिम बंगाल सरकारले कैयन महत्त्वपूर्ण निर्णयहरू लिएको बताउनु भएको छ।केन्द्रीय मन्त्री अमित शाहले आज फुलबारी स्थित उत्तरकन्या सचिवालयमा आयोजित उच्चस्तरीय बैठकमा भारत-बंगलादेश सीमा सुरक्षा व्यवस्था, सीमा प्रबंधन, आधुनिक निगरानी प्रणाली तथा पूर्वाधारको विस्तृत समीक्षा गर्नुभयो।उहाँले सीमा सुरक्षालाई अझ प्रभावकारी र प्रविधिमा आधारित बनाउन अधिकारीहरूलाई आवश्यक निर्देश दिनु भयो।

*हिजो अबेर राति बागडोग्रा विमानस्थल पुगेपछि गृहमन्त्री आज बिहान जलपाईगुडी जिल्लाको राजगञ्ज पुलिस चौकी क्षेत्रमा भारत-बंगलादेश सीमासित जोडिएको संवेदनशील गाउँ जुम्मागाछ पुग्नुभएको थियो।त्यहाँ, उहाँले सीमाको जमीनी स्थिति, बीएसएफको तैनाती, सुरक्षा पूर्वाधार तथा स्थानीय परिस्थितिको समीक्षा गर्नुभयो। अधिकारीहरूले उहाँलाई मनसुनको समयमा नदी किनारका क्षेत्रहरूमा उत्पन्न चुनौतीहरू र घुसपैठ र तस्करीको सम्भावनाको बारेमा पनि जानकारी गराए।त्यसपछि अमित शाहले सिलिगुडी स्थित राज्यको मिनी सचिवालय उत्तरकन्यामा राज्य सरकार, केन्द्रीय गृह मन्त्रालय, सीमा सुरक्षा बल (BSF) र अन्य सुरक्षा एजेन्सीहरूका वरिष्ठ अधिकारीहरूका साथ उच्चस्तरीय समीक्षा बैठक गर्नुभयो। बैठकमा सीमा सुरक्षा सुदृढीकरण, विभिन्न एजेन्सीहरू बीच राम्रो समन्वय स्थापित गर्ने र आधुनिक प्रविधिको अधिकतम प्रयोगमा केन्द्रित थियो।बैठकमा राज्यमा 10  नयाँ बॉर्डर आउट पोस्ट (बीओपी) स्थापित गर्ने निर्णय गरियो, जसमध्ये दुई उत्तर बंगाल फ्रंटियर क्षेत्रमा निर्माण गरिनेछ। भारत-बंगलादेश अन्तर्राष्ट्रिय सीमामा त्रिस्तरीय स्मार्ट फेंसिंग परियोजनालाई  चाड़ो सम्पन्न गर्न पनि निर्देश दिइएको छ।बैठकमा बंगलादेशको उत्तरी क्षेत्रमा टिस्टा नदीको किनारमा चलिरहेका विभिन्न विकास परियोजनाहरू र बढ्दो गतिविधिहरूको पनि समीक्षा गरियो।*

*समीक्षा बैठकमा उत्तर बंगालका छ सीमावर्ती जिल्लाहरू - दार्जिलिङ, जलपाईगुडी, कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र मालदाका जिल्ला मजिस्ट्रेट र पुलिस अधीक्षकहरू पनि उपस्थित थिए।यसका साथै, बीएसएफका वरिष्ठ अधिकारीहरूले सीमा सुरक्षाका विभिन्न पक्षहरूमा विस्तृत प्रस्तुतीकरणहरू दिए। बैठकमा सीमा क्षेत्रमा सडक, संचार नेटवर्क,, चौकी र निगरानी उपकरणहरू सहित पूर्वाधार विकासको कार्य योजनाको बारेमा पनि विस्तृत छलफल गरिएको थियो।गृह मन्त्रालयका अधिकारीहरूले बताए अनुसार 'चिकन नेक' भनेर पनि चिनिने सिलगुडी करिडोर आठ पूर्वोत्तर राज्यहरूलाई देशको बाँकी भागसित जोड्ने एक मात्र प्रमुख भूमि लिंक हो।लगभग 20 देखि 22 किलोमिटर चौडा यो करिडोर रणनीतिक, आर्थिक र राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट अत्यन्तै संवेदनशील मानिन्छ।पश्चिममा नेपाल, पूर्वमा बंगलादेश र उत्तरमा भुटानमा अवस्थित भएको कारणले यसको रणनीतिक महत्व अझ बढ्छ।बैठकको अन्तमा, गृहमन्त्री अमित शाहले सबै सुरक्षा एजेन्सीहरू बीच राम्रो समन्वय, आधुनिक तकनीकको व्यापक प्रयोग र सीमा क्षेत्रमा पूर्वाधारको तीव्र विकासमा जोड दिंदै भन्नुभयो र देशको सीमाको सुरक्षा केन्द्र सरकारको शीर्ष प्राथमिकतामा रहेको छ।*

**अर्बिटल रकेट विक्रम**

भारतको अर्बिटल रकेट विक्रम-1 सफलतापूर्वक आंध्र प्रदेशको श्रीहरिकोटा स्थित सतीश धवन अंतरिक्ष केंद्रबाट प्रक्षेपित गरिएको छ। यो प्रक्षेपण आज दिउँसो बारह बजेर पांच मिनटमा भएको हो। यसलाई हैदराबादको निजी कंपनी स्काईरूट एयरोस्पेसले बनाएको हो। *भारतले निजी क्षेत्रको कम्पनी स्काइरूट एयरोस्पेस द्वारा अन्तरिक्षमा पेलोड स्थापित गर्ने क्षमता पनि हासिल गरेको छ।भारत यो उपलब्धि हासिल गर्ने विश्वको तेस्रो देश बनेको छ। विक्रम-वन भारतको पहिलो निजी रूपमा विकसित कक्षीय प्रक्षेपण यान हो।यसलाई हैदराबाद स्थित एयरोस्पेस स्टार्टअप, स्काइरूट एयरोस्पेस द्वारा डिजाइन र निर्माण गरिएको हो।आवास मिसन अन्तर्गत विकसित यो रकेट साना उपग्रहहरूको लागि किफायती प्रक्षेपण सेवाहरू प्रदान गर्ने उद्देश्यले हो। भारतीय अन्तरिक्ष कार्यक्रमका जनक डा. विक्रम साराभाईको नाममा बनाईएको विक्रम-वनमा तीनवटा ठोस प्रणोदक चरण र तरल इन्धनयुक्त रमन इन्जिन लगाईएको छ।यो अन्तरिक्षको सबैभन्दा तल्लो कक्षामा पेलोड स्थापित गर्नमा सक्षम छ।*

उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी गृह मन्त्री अमित शाह तथा विज्ञान तथा प्रौद्योगिकी मंत्री जितेन्द्र सिंहले यस उपलब्धिको लागि स्काईरूट एयरोस्पेसलाई बधाई दिनु भएको छ।प्रधानमन्त्रीले यो ऐतिहासिक उपलब्धिले देशका युवाहरूलाई अगाडि आएरर नवाचारमा योगदान दिनका लागि प्रेरित गर्ने बताउनुभयो।

**बाईट**

**संसद सत्र बैठक**

संसदको सोमबारदेखि सुरु हुने मनसुन सत्र अघि सरकारले भोलि सर्वदलीय बैठक डाकेको छ। बैठकमा सरकारले संसदका दुवै सदनको सुचारु सञ्चालन सुनिश्चित गर्न सबै राजनीतिक दलहरूलाई सहयोगको लागि अपील गर्नेछ। संसदको मनसुन सत्र सोमबारदेखि सुरु भएर 13 अगस्टसम्म जारी रहनेछ। यस अवधिमा धेरै महत्त्वपूर्ण विधेयकहरू माथि छलफल र पारित हुने सम्भावना छ।

**जीटीएका प्रमुख सचिव**

पश्चिम बंगाल सरकारले भारतीय प्रशासनिक सेवा (IAS) का वरिष्ठ अधिकारी स्मृतिरञ्जन मोहन्तीलाई गोरखाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) का प्रमुख सचिव  पदमा नियुक्त गरेको छ। हालै जारी सरकारी आदेशअनुसार उहाँले जीटीएको प्रशासनिक नेतृत्व सम्हाल्नेछन्। स्मृतिरञ्जन मोहन्ती यसअघि पश्चिम बंगाल सरकारको प्राविधिक शिक्षा, प्रशिक्षण तथा कौशल विकास विभागमा विशेष सचिवका रूपमा कार्यरत हुनुहुन्थ्यो। नयाँ जिम्मेवारीसँगै उहाँले दार्जिलिङ र कालिम्पोङ पहाडी क्षेत्रको विकास, प्रशासनिक समन्वय तथा राज्य सरकार र जीटीएबीच समन्वयकारी भूमिका निर्वाह गर्नु हुनेछ।

**चिया बगान-मिनिमम वेजेस**

चिया बगानमा न्यूनतम ज्याला (मिनिमम वेजेस) सम्बन्धी अधिसूचना राज्य सरकारले चाँडै जारी गर्ने जानकारी प्राप्त भएको भन्दै हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक सङ्घले राज्यका श्रममन्त्री अर्जुन सिंहप्रति आभार व्यक्त गरेको छ। आज दार्जीलिङस्थित सङ्घको केन्द्रीय कार्यालयमा आयोजित बैठकपछि सङ्घका केन्द्रीय अध्यक्ष डी.के. गुरुङले चिया श्रमिकका लागि न्यूनतम ज्याला लागू गर्नुपर्ने माग लामो समयदेखि उठाउँदै आएको बताउनु भयो।

**मौसम**

पश्चिम बंगालमा मनसुन सक्रिय छ। दक्षिण 24 परगना, उत्तर 24 परगना, पूर्वी मेदिनीपुर, पश्चिम मेदिनीपुर र झारग्रामका केही भागहरूमा 70 देखि 110 मिलिमिटरसम्मको भारी वर्षा हुने सम्भावना छ। उत्तर बंगालका दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, अलिपुरद्वार र कुचबिहार जिल्लाहरूमा पनि हल्कादेखि मध्यम वर्षा जारी रहने अनुमान गरिएको छ। पहाडी क्षेत्रहरूमा पहिरोको जोखिमको बारेमा प्रशासन सतर्कमा छ।

**********